| प्रति फारम रु. १००/- |
|---|

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको स्वामित्वमा रहेको श्री नागरिक लगानी कोषको संस्थापक समूहको शेयर खरिद दरखास्त फारम**
(प्रति कित्ता रू. ..................../- (अक्षरेपी ................................................. मात्र)

श्री संचालक समिति,
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड,
पुतलीसडक, काठमाडौं ।
मार्फत : नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं ।

मिति :- २०७७/०४/

विषय:- शेयर खरीद गर्न शिलबन्दी बोलपत्र पेश गरिएको बारे ।

महाशय,

त्यस कम्पनीको स्वामित्वमा रहेको श्री नागरिक लगानी कोषको ५०,००० कित्ता संस्थापक समूहको शेयर शिलबन्धी बोलकबोल प्रक्रियाद्वारा बिक्री खुला गर्न मिति २०७७/०४/१२ गते “अभियान राष्ट्रिय दैनिक” पत्रिकामा प्रकाशित सार्वजनिक सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रहि .......................... कित्ता (अक्षरमा .......................................... कित्ता) प्रति कित्ता रू. ............../- (अक्षरेपी ......................................................................मात्र) को दरले खरिद गर्न म/हामी इच्छुक भएकोले सो वापत हुन आउने रकम रु................................................अक्षरेपी ..................................................................................................................मात्र.) को नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको **Good for Payment Cheque/Manager's Cheque** यसै निवेदन साथ संलग्न गरेको छु/छौं । प्रकाशित सूचनामा उल्लेखित शर्तमा रहि माग बमोजिम शेयर लिन मञ्जुरी भएकाले नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको **Good for Payment Cheque/Manager's Cheque** संलग्न गरेकाले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

बोलपत्र पेश कम्पनी/संस्थाको नाम (नेपालीमा) : ..........................................................................................................

**Name in English : ………………………………………………………………………**

ठेगाना : जिल्ला .......................... गा.वि.स./न.पा. .............................................. वडा नं. : ...... टेलिफोन नं. : ........................................

**Address: District …………… VDC/Municipality: ………………… Ward No.: ……. Tel. No.: ………………**

शेयरधनि नं. (कम्पनीको कायम शेयरधनीको हकमा) : .................................

आवेदको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम :.........................................................................................

आवेदकको बैकं खाता नं. : ...................................................................

हितग्रही खाता नं./**DEMAT/BO Account Number** (अनिवार्य)

| निक्षेप सदस्य नं. **(DP ID)** | | | | | | | | हितग्रही खाता नं. **(CLIENT ID)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

कम्पनी दर्ता नं. :................................................. प्यान नं. :.............................................

कार्यकारी प्रमुखको नाम, थर : ........................................................................................

मैले/हामीले यस बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

..................................
निवेदको दस्तखत
(Applicant's Signature)
कम्पनी/संस्थाको छाप :
संलग्न गरिएको कागजात : आवेदन फारमको पछिल्लो भागमा शर्त नं. १३ मा उल्लेखित कागजातहरु ।

शर्तहरु :

१. यस बोलकबोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी बाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन् । आवेदकको प्रबन्धपत्र तथा नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनु पर्नेछ ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेका शेयर कित्ता संख्या ,प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. शेयरको न्युनतम मूल्य प्रति शेयर रू. १,८००/- (अक्षरेपी एक हजार आठ सय मात्र) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेका आवेदनलाई बोलकबोल मूल्यांकनमा समावेश गरिने छैन ।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्युनतम १०० (एक सय) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण ५०,००० कित्ताका लागि आवेदन दिन सकिनेछ ।

५. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजका मिति पश्चात् नागरिक लगानी कोष बाट घोषणा हुने बोनस शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरुले प्राप्त गर्नेछन् । सूचीकरण भैनसकेका बोनश शेयरको हकमा सूचीकरण भई कम्पनीको हितग्राही खातामा प्राप्त भए पश्चात् नामसारी गरिनेछ ।

६. शिलबन्दी खाम बाहिर “ नागरिक लगानी कोषको संस्थापक शेयर खरीदका लागि आवेदन ” उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहा छाप गरिएको हुनुपर्नेछ ।

७. बोलपत्रवालाले आफूले खरीदगर्न कबोल गरेको शेयरको सम्पूर्ण रकम वापत बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque/ Manager’s Cheque आवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

८. सबै भन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोल कबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोल कबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिकभार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ ।

९. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर वा हितग्राही खाता नं./**BOID** उल्लेख गर्नुपर्नेछ ।

१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. प्राप्त बोलपत्रहरु तोकिएको संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।

१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारण वश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएकको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ ।

१३. आवेदनका साथ कम्पनीको दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकोमा ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण संलग्न गर्नुपर्नेछ ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारबाही गरिने छैन ।

१५. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाडँफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी गराइनेछ ।

१६. स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्न यस कम्पनीले निर्णय गरेको ३ कार्य दिन देखि बाँडफाटँमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको खातामा रकमान्तरण गरिने छ ।

१७. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोबार तथा नामसारी गरिनेछ । शेयर खरिद कारोबार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज (Brokerage) लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

१८. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि., नेपाल एसबिआई बैंक लि. को कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्य कहाँ सम्पर्क गरि हितग्राही थखाता खोल्न सक्नुहुनेछ ।

१९. प्राप्तबोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

२०. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको website : www.nsmbl.com.np मा हेर्न सक्नुहुने छ ।